# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


मितिः २०८१/१२/२०

## शान्ति सुरक्षाको प्रत्याभुति गर्न अपिल

२०८१ चैत १५ गते काठमाडौंको तिनकुनेमा राजसंस्था समर्थकहरुको प्रदर्शनका क्रममा भएको हिंसात्मक झडपबाट कीर्तिपुर निवासी सविन महर्जन, एभिन्यूज च्यानलका फोटो पत्रकार सुरेश रजकको मृत्यु भएको र रेबिका खत्री, दिनेश खत्री लगायत २० जनालाई गोली लागेर सख्त घाइते भएको तथा तिनवटा घर आगलागीबाट पूर्ण ध्वस्त तथा अन्य घरहरु क्षति र पसल लुटपाट भएको नेपाल मानव अधिकार संगठनको पर्यवेक्षणबाट देखिएको छ।

नागरिकको सुरक्षा तथा देशमा शान्तिसुरक्षा कायम गर्ने जिम्मेवारी लिएको राज्यबाट तिनकुने घटनामा शान्ति सुरक्षा कायम गर्न प्रर्याप्त तयारी नगरेको तथा सामान्य अवस्थामा पनि शान्ति सुरक्षा कायम हुन नसकेको प्रष्ट देखिनुका साथै गोली लागेका घाइते तथा मृत्यु भएकाहरुको सुरक्षाकर्मीबाट पहिचानमा कमजोरीका कारणले निर्दोष र निरीह सामान्य नागरिकहरु समेत पीडित हुनु परेको दुःखद घटनाको संगठन भर्त्सना गर्दछ।

नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले नागरिकलाई शान्तिपूर्ण भेला, जुलुस, विरोध प्रदर्शन गर्न पाउने अधिकारको ग्यारेन्टी गरेको छ। शान्तिसुरक्षाको जिम्मेवारी लिएको राज्यका सुरक्षाकर्मीहरुले हिंसात्मक गतिविधिमा संलग्न नभएका व्यक्तिलाई समेत गोली प्रहार गरेको, सुरक्षा दिन नसकेको लगायतको कमजोरीलाई, प्रदर्शनकारीहरुको हिंसात्मक गतिविधिको आडमा राज्यको गैह्रजिम्मेवारी र कानून विपरीतको कार्यलाई नढाक्न, दोषी नउम्काउन तथा उक्त घटनाका राज्य, गैह्र राज्य दुवै पक्षका सम्पूर्ण दोषीलाई कानूनी दायरामा ल्याउन र मृतकको परिवारलाई उचित राहत र घाइतेको निःशुल्क उपचार गर्न तथा अबका दिनमा सुरक्षा कमजोरीको कारण सर्वसाधारण नागरिक पीडित हुन नपर्ने ग्यारेन्टी गर्दै मानव अधिकारको सम्मान गर्न यो संगठन नेपाल सरकार तथा सरोकारवालाहरु सबैमा हार्दिक अपिल गर्दछ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष